# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०१।१०

## प्रेस विज्ञप्ति

राष्ट्रिय समाचार समितिका पत्रकार पूर्णप्रसाद मिश्रलाई समाचार संकलनका क्रममा निर्माण व्यवसायी संघको प्रतिनिधि बताउने एक व्यक्तिले दुर्व्यवहार गरेकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही वैशाख ९ गते मंगलबार काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-४ स्थित कोलमोतेश्वमा निर्माणाधीन सार्वजनिक सडकको तस्वीर खिंचेपछि महासंघ रासस प्रतिष्ठान शाखाका सदस्यसमेत रहेका मिश्रलाई ती व्यक्तिले धम्क्याउँदै खिंचेको सामग्री हटाउन दवाब दिएको शाखाले जनाएको छ ।

पेशागत धर्म निर्वाहमा जुटेका पत्रकारमाथि भएको यो व्यवहारलाई महासंघले अत्यन्त आपत्तिजनक र प्रेस स्वतन्त्रताविरोधी कदमको रुपमा लिएको छ । महासंघ यस्तो हर्कतमा संलग्न जो कोही भए पनि तत्काल कानुनी कारबाही गरी पत्रकारलाई निर्वाध र निर्धक्क भएर सञ्चारकर्ममा जुट्ने वातावरण निर्माणका लागि सम्वन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org